निर्णयहरु :

१.संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (आन्तरिक व्यवस्थापन शाखा) सिंहदरवार,काठमाण्डौको च.नं.१७८८ मिति २०८०।०३।०१ गतेको प्राप्त सवारी साधन हस्तान्तरण सम्वन्धमा यस कार्यालयको स्वामित्वमा रहेको बा १ भ ८२५४ नम्वरको चारपाङ्ग्रे सवारी साधन अजयमेरु गाउँपालिकाको कार्यालय,डडेल्धुरालाई आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ अनुसार हस्तान्तरण गर्न जि.स.स.को कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

२ यस वर्षको मनसुन भित्रिने कममा रहेकोले जिल्लामा विपद पश्चातको समयमा राहत तथा उद्दारका लागि सबै स्थानीय तहहरुले अत्यावश्यक खाद्य सामाग्रीहरु (खानेकुरा, कपडा,औषधी) र गैह्र खाद्य सामाग्री (आवश्यक औजार ,टेन्ट,त्रिपाल,मेढस हरुको आवश्यक भण्डारणको व्यवस्था मिलाउने र उद्दार कार्यका लागि स्थानीय विपद् व्यवस्थापन समिति र स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्रलाई सकृय वनाउन जिल्लाका सात वटै स्थानीय तहहरु लाई पत्राचार गर्ने निर्णय गरियो ।

३.यस डडेल्धुरा जिल्ला स्थित ७ ओटै स्थानीय तहहरुबाट सम्पादन भै रहेको कार्यहरुको सम्बन्धमा सो को अनुगमन तथा पृष्ठपोषणका लागि आवश्यकता अनुसार टोली बनाई अनुगमन गर्ने निर्णय गरियो ।

४.यस डडेल्धुरा जिल्लाका ७ ओटै स्थानीय तहहरुमा संचालित सार्वजनिक गाडीको भाडादरमा एकरुपता नभएकाले आ-आफ्नो स्थानीय तहको क्षेत्र भित्र चल्ने सवारी साधनहरुको भाडादर सडकको अवस्था हेरी निर्धारण गरी कडाईका साथ लागु गर्न पत्राचार गर्ने निर्णय गरियो ।

५. यस डडेल्धुरा जिल्लाका ७ ओटै स्थानीय तहहरुका आ-आफ्नो क्षेत्र भित्र ब्यापार ब्यवसाय गर्न संचालित पसलहरुमा खाद्य गुणस्तर परिक्षण गर्ने तथा सामानहरुको मुल्य सूचि अनिवार्य राख्न लगाउने ब्यवस्थाका लागि पत्राचार गर्ने निर्णय गरियो ।